जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १५० पृष्ठः ४ | २०८३ असोज १९ सोमबार (Monday 05 Oct. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको चोहर्वा सर्पदंश उपचार केन्द्रमा आईसीयू र भेन्टिलेटर सेवा विस्तार गरिने



सिरहा, १७ असोज । सर्पदंशबाट हुने जनधनको क्षति न्यूनीकरण गर्दै गम्भीर प्रकृतिका बिरामीलाई जिल्लामै प्रभावकारी उपचार सेवा उपलब्ध गराउने उद्देश्यले सिरहाका सामुदायिक सर्पदंश उपचार केन्द्रको स्तरोन्नति गर्ने पहल अघि बढाइएको छ । नेपाली सेनाको श्री नन्दबक्स गणको सहजीकरणमा चोहर्वा र बन्दीपुरस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रको व्यवस्थापन, स्तरोन्नति तथा प्रभावकारी सञ्चालनका विषयमा स्थानीय तहका प्रमुख, निमित्त प्रमुख जिल्ला अधिकारी तथा पालिका प्रतिनिधिहरूबीच अन्तरक्रियात्मक कार्यक्रम गरिएको हो ।

अन्तरक्रियामा सर्पदंशका बिरामीलाई समयमै उपचार केन्द्रसम्म पुर्‍याउने व्यवस्था, आवश्यक जनशक्ति, औषधि तथा उपकरणको उपलब्धता, व्यवस्थापन समिति विस्तार तथा उपचार केन्द्रलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्ने विषयमा छलफल भएको थियो । विशेषगरी गम्भीर अवस्थाका सर्पदंशका बिरामीलाई उपचारका लागि जिल्लाबाहिर पठाउनुपर्ने बाध्यता अन्त्य गर्न चोहर्वा सर्पदंश उपचार केन्द्रमा आईसीयू र भेन्टिलेटरको सुविधा विस्तार गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

कार्यक्रममा सहभागी स्थानीय तहका प्रतिनिधिहरूले उपचार केन्द्रको स्तरोन्नतिका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । स्थानीय तह, नेपाली सेना र उपचार केन्द्र व्यवस्थापन समितिबीच थप प्रभावकारी समन्वय र सहकार्य गर्दै केन्द्रको सेवा विस्तार गर्ने विषयमा समेत जोड दिइएको थियो । नेपाली सेनाका अनुसार स्थापना भएदेखि चोहर्वा र बन्दीपुरका दुवै सामुदायिक सर्पदंश उपचार केन्द्रबाट २४ घण्टा सेवा प्रदान हुँदै आएको छ ।

हालसम्म यी दुई केन्द्रबाट करिब १२ हजार सर्पदंश प्रभावितले उपचार सेवा लिइसकेका छन् । चोहर्वा सर्पदंश उपचार केन्द्र व्यवस्थापन समितिका अध्यक्ष विजय महासेठका

**–बाँकी तीन पेजमा**

## सिरहामा सम्बन्धविच्छेदका मुद्दा बढ्दो




सिरहा, १८ असोज । सिरहा जिल्ला अदालतमा सम्बन्धविच्छेदका मुद्दा दर्ता हुने क्रम पछिल्लो समय बढेको छ। चालु आर्थिक वर्ष २०८३/८४ को सुरुवाती दुई महिनामै सम्बन्धविच्छेद सम्बन्धी ४४ वटा मुद्दा दर्ता भएका छन्। अदालतका अनुसार आर्थिक वर्ष २०८२/८३ मा २५४ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका थिए। तीमध्ये १६० मुद्दाको फैसला भइसकेको छ भने ९४ मुद्दा अझै विचाराधीन छन्।

अदालतमा दर्ता हुने सम्बन्धविच्छेदका मुद्दाका कारण भने फरक–फरक रहेको जनाइएको छ। दाम्पत्य असमझदारी, पारिवारिक विवाद, सामाजिक सञ्जालको बढ्दो प्रयोग, वैदेशिक रोजगारी र आर्थिक समस्या प्रमुख कारणका रूपमा देखिएका छन्। कानुन व्यवसायीहरूका अनुसार वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति–पत्नी अलग रहनुपर्ने अवस्था, पारिवारिक कलह तथा बदलिँदो सामाजिक मूल्य–मान्यताले वैवाहिक सम्बन्धमा असर पारिरहेको छ। व्यक्तिगत स्वतन्त्रता र अधिकारप्रतिको बढ्दो चेतनाले पनि सम्बन्ध कायम राख्नुभन्दा कानुनी रूपमा अलग हुने निर्णय लिन सहज

**–बाँकी तीन पेजमा**

## सिरहामा गाँजासहित युवक पक्राउ



सिरहा, १८ असोज । सिरहाको लहानबाट सशस्त्र प्रहरीले १२ किलो लागुऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा लहान नगरपालिका–११ पडहरियाका अन्दाजी २४ वर्षीय अजय सदाई रहेका छन् । सशस्त्र प्रहरीका अनुसार लहान नगरपालिका–३ स्थित पूर्व–पश्चिम राजमार्गको बलान खोला क्षेत्रमा सवारीसाधन चेकजाँचको क्रममा उनी पक्राउ परेका हुन् ।

सदाईले बोकेको झोला जाँच गर्दा १२ किलो गाँजा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ । बरामद गाँजासहित सदाईलाई

**–बाँकी दुई पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**विपद्‌को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं**

- विपद्‌को समयमा डर, तनाव, चिन्ता, दुःख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्‌को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्‌को समयमा एक–आपसमा मनोबल बढाऔं, मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## महिलाको बचतदेखि आत्मनिर्भरतासम्म

सहकारीलाई केवल बचत गर्ने र ऋण दिने संस्थाका रूपमा बुझ्दा यसको वास्तविक सामाजिक भूमिका ओझेलमा पर्न सक्छ। विशेषगरी ग्रामीण तथा सीमान्तकृत समुदायका महिलाका लागि सहकारी आर्थिक कारोबार गर्ने ठाउँ मात्र होइन, आत्मविश्वास, नेतृत्व र आत्मनिर्भरताको आधार बन्न सक्छ। सिराहाको गोलबजार नगरपालिका–३ जमदहमा २८ वर्षअघि स्थापना भएको कोपिला महिला बचत तथा ऋण सहकारी संस्थाको यात्रा यसैको एउटा उदाहरण हो।

२०५५ साल असारमा ३८ जना महिलाले जम्मा गरेको २३ हजार रुपैयाँबाट सुरु भएको संस्था आज एक हजार पाँच सयभन्दा बढी महिलालाई संगठित गर्ने अवस्थामा पुगेको छ। सुरुआतमा सीमित आर्थिक स्रोत, सामाजिक विभेद र पुरुषमा निर्भर पारिवारिक संरचनाबीच महिलाले नियमित बचत गर्नु नै चुनौती थियो। त्यसमाथि तत्कालीन सामाजिक र राजनीतिक परिस्थितिले गाउँमा महिलाहरूलाई संगठित भएर अघि बढ्न सहज वातावरण दिएको थिएन। तर थोरै रकमबाट सुरु भएको बचतको अभ्यासले क्रमशः आर्थिक गतिविधि, नेतृत्व र निर्णय प्रक्रियामा महिलाको उपस्थिति विस्तार गऱ्यो।

यस यात्राको सबैभन्दा महत्वपूर्ण पक्ष रकमको वृद्धि मात्र होइन, महिलाको सोच र व्यवहारमा आएको परिवर्तन हो। विगतमा दुई–चार हजार रुपैयाँ आवश्यक पर्दा पनि गाउँका साहु–महाजन वा आफन्तको भर पर्नुपर्ने अवस्था थियो। अहिले सदस्य महिलाले आफ्नै संस्थाबाट आवश्यक ऋण लिएर बाखापालन, कृषि, पशुपालन, खुद्रा व्यापारजस्ता काम सञ्चालन गर्न सक्ने अवस्था बनेको छ। ऋण लिएर आयआर्जन गर्ने र त्यसैबाट सावाँ–ब्याज तिर्दै पुनः बचत गर्ने अभ्यासले महिलालाई आर्थिक चक्रको सक्रिय सहभागी बनाएको छ।

यस्तो परिवर्तनले घरपरिवारको अर्थतन्त्रमा पनि प्रभाव पार्छ। महिलाले कमाएको वा बचत गरेको रकमले घरखर्च, बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अन्य आवश्यकतामा योगदान पुऱ्याउँछ। यससँगै आर्थिक निर्णयमा महिलाको आवाज बढ्नु पनि महत्वपूर्ण उपलब्धि हो। आर्थिक स्रोतमा पहुँच नहुँदा निर्णय प्रक्रियामा पनि सीमित हुने महिलाले आफ्नै आम्दानी र संस्थागत ऋणको पहुँच पाएपछि परिवार तथा समुदायमा आफ्नो भूमिका विस्तार गर्न सक्छन्।

कोपिला सहकारीको अर्को महत्वपूर्ण पक्ष महिला नेतृत्व हो। सहकारी क्षेत्रमा आर्थिक अनियमितता, बचतकर्ताको रकम फिर्ता नहुने र सञ्चालकहरू समस्यामा पर्ने घटनाहरू सार्वजनिक भइरहेका बेला सीमित स्रोतबाट सुरु भएको महिला नेतृत्वको संस्था लामो समयसम्म सञ्चालनमा रहनु आफैंमा अध्ययनको विषय हो। तर यसलाई महिलाको नेतृत्व स्वतः सफल हुन्छ भन्ने निष्कर्षमा मात्र सीमित गर्नु हुँदैन। सहकारीको दीर्घकालीन सफलताका लागि पारदर्शिता, नियमित लेखापरीक्षण, सदस्यप्रति जवाफदेहिता, सक्षम व्यवस्थापन र नियामकीय अनुशासन उत्तिकै आवश्यक हुन्छ।

यस अनुभवबाट स्थानीय सरकार र सहकारी क्षेत्रले पनि सिक्नुपर्ने कुरा धेरै छन्। ग्रामीण महिलालाई केवल लक्षित समूहका रूपमा हेरेर अनुदान वितरण गर्नु पर्याप्त हुँदैन। उनीहरूलाई वित्तीय साक्षरता, उद्यमशीलता, बजारसँगको पहुँच, उत्पादनको मूल्य शृंखला र प्रविधिसँग जोड्न सकियो भने बचतले वास्तविक उत्पादन र रोजगारी सिर्जना गर्न सक्छ। साना ऋणलाई आयआर्जनसँग जोड्ने र उत्पादनलाई बजारसम्म पुऱ्याउने नीति अझ प्रभावकारी बनाउन आवश्यक छ।

त्यस्तै, महिलाको आर्थिक सशक्तीकरणलाई घरभित्रको जिम्मेवारीसँग मात्र जोडेर हेर्नु हुँदैन। उनीहरूको नेतृत्व विकास, सार्वजनिक निर्णय प्रक्रियामा सहभागिता र सामुदायिक संस्थामा प्रतिनिधित्व पनि समान रूपमा महत्वपूर्ण छन्। सहकारीले महिलालाई पैसा चलाउन मात्र होइन, संस्था चलाउन र निर्णय लिन सिकाउन सक्नुपर्छ।

जमदहका महिलाको २८ वर्षे यात्रा एउटा महत्वपूर्ण सन्देश हो—आर्थिक परिवर्तन सधैं ठूलो पूँजीबाट सुरु हुँदैन। कहिलेकाहीं नियमित रूपमा बचत गरिएको सानो रकम, आपसी विश्वास र निरन्तर प्रयासले पनि ठूलो सामाजिक परिवर्तनको आधार तयार गर्न सक्छ। त्यसैले महिला सहकारीलाई कमजोर वर्गका लागि राहत दिने माध्यमका रूपमा होइन, स्थानीय अर्थतन्त्र निर्माण गर्ने साझेदारका रूपमा विकास गर्नुपर्छ। महिलाको हातमा बचत पुगेपछि त्यसले घर चलाउने क्षमता मात्र होइन, भविष्य निर्माण गर्ने आत्मविश्वास पनि बढाउँछ।

# कांग्रेसका सत्तलसिंहहरूका नाममा

### केही सत्तलसिंहहरूले बाटो बिराएका थिए । तीमध्ये धेरै लोहापुरको बाटोबाट फर्केर साथैहरूकै पछि लागेका देखिन्थे



गोविन्द अधिकारी

अन्ततः नेपाली कांग्रेसको पन्ध्रौं महाधिवेशन काठमाडौंमा सुरु भएको छ । देशभरबाट चुनिएका महाधिवेशन प्रतिनिधिले नयाँ केन्द्रीय कार्य समितिको निर्वाचन गरेर महाधिवेशन सकिन्छ होला । कलबलगुडी (झापा) महाधिवेशनभन्दा पहिलेका सदस्यहरू त बिरलै भेटिएलान् । (ओमकार श्रेष्ठ हुन् कि?) यसपटक झापामा देखिएका केही अनुहारसमेत नदेखिने भए । त्यसो त नेपाली कांग्रेस र प्रजातान्त्रिकले अलग अलग महाधिवेशन गरेका थिए । यसैले शेरबहादुर देउवालगायत प्रजातन्त्रिक कांग्रेसका नेताहरूको निरन्तरता पहिले पनि खण्डित भइसकेकै हो। यसलाई क्षेत्रीय अधिवेशनहरूबाट पराजित हुने झापापछि निरन्तर महाधिवेशन, महासमिति सदस्यहरू रहिआएकाले पनि चित्त बुझाउने बाटो माने हुन्छ ।

**संस्थापनको निरन्तरता**

अदालतले मान्यता नै नदिएको भए पनि बहुमत प्रतिनिधि सहभागी भएर गरेको विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिले नैतिक वैधता उति बेलै पाएको हो । राजनीतिमा कानुनी मान्यताभन्दा नैतिक वैधता महत्त्वपूर्ण हुन्छ । यसैले अहिले खुलामञ्चमा भइरहेको महाधिवेशन नै नेपाली कांग्रेसको आधिकारिक निकाय हो । अदालतले जे व्याख्या गरे पनि जनताले अब नेपाली कांग्रेस भनेर यस महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिलाई नै मान्नेछन् । पूर्वसभापति शेरबहादुर देउवा समूहले समानान्तर छुट्टै वा अधिवेशन गरेको छ । महाधिवेशन प्रतिनिधि छानिएलान् । उनीहरूले महाधिवेशन गरेर नयाँ केन्द्रीय समिति गठन गरे पनि त्यसको नेपाली कांग्रेसका रूपमा नैतिक वैधता हुँदैन । यसैले बीचमा खोला भंगाला मिल्दै छुट्टिँदै गरे पनि नेपाली कांग्रेस निरन्तर रहने देखिन्छ।

**पदेन नेताको खेल समाप्त**

विशेष महाधिवेशनपछि पार्टी संरचनामा भएको सबैभन्दा ठूलो सुधार पदेन प्रतिनिधित्वको अभ्यास टुंगिनु हो । पञ्चायतको सुरुमा निवर्तमान राष्ट्रिय पञ्चायत सदस्यले सम्बन्धित जिल्लामा पाइलै नहाले पनि चुनाव लड्न पाउने चलन थियो । यही ठालु अभ्यास कांग्रेसमा पनि थियो । यसपटक सबै महाधिवेशन प्रतिनिधि आआफ्नो क्षेत्रबाट चुनिएरै आउने अभ्यास थालियो । सम्भवतः नेता सधैं कार्यकर्ताको निकट रहनुपर्छ भन्ने मान्यता यस अभ्यासले स्थापित गरेको छ । केही हस्तीहरू वडा र क्षेत्रीय अधिवेशनमै हारेका छन् । कति 'सुकुचा' फेला पनि परे होलान् । तर, कार्यकर्ता भुइँमा र नेता बादलमाथि हुने अभ्यास अर्थात् केही विशेष र अरू मामुली ठानिने संस्कार यसपटक कांग्रेसले भत्काउन सुरु गरेको छ । अरू दलले पनि यसलाई निरन्तरता दिए नयाँ राजनीतिक संस्कारको विकास हुनसक्छ ।

**विधान मिच्नेहरू नै विधिको खोजीमा ?**

जेन–जीका नाममा भएको विध्वंसमा सबैभन्दा बढी प्रताडित तत्कालीन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तत्कालीन उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति तोकेर उपचारार्थ देशबाहिर गएपछि नेपाली कांग्रेसका नेताहरूसामु सहजतापूर्वक पार्टी रूपान्तरण गर्ने मौका आएको थियो । त्यति नै बेला नियमित महाधिवेशन आयोजना गरेको भए यति खैलाबैला हुने नै थिएन । (त्यसको एउटा बेफाइदा भने हुन्थ्यो – अहिले पनि कांग्रेसमा आफूलाई 'पाटनका छ प्रधान' ठान्ने केही अनुहार अग्र पंक्तिमा रहिरहन्थे ।)

पूर्णबहादुर खड्कालाई अगाडि सारेर कार्यकर्ताको निकट नभए पनि नेताका नाममा हालिमुहाली गरेकाहरूले नियमित महाधिवेशन त के विधानबमोजिम बोलाउनै पर्ने विशेष महाधिवेशन पनि हुन नदिने चालवाजी गरे । हुन्छ हुन्छ भन्दा भन्दै समय घर्किन लागेपछि तत्कालीन महामन्त्री द्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मालगायतको नेतृत्वमा विशेष महाधिवेशन भयो । उनीहरूले आफ्नो राजनीतिक भविष्य दाउमा राखेर नेपाली कांग्रेसलाई किनारा लगाए । गगनकुमार थापा नेपाली कांग्रेसको सभापति चुनिए ।

त्यसपछि प्रतिनिधि सभाको चुनाव भयो । पाटने प्रधानका नयाँ अवतारमध्ये केहीले गगन थापाको नेतृत्व स्वीकारेर चुनाव पनि लडे । जितेका भए सायद उनीहरू पनि अहिलेका अरू सांसदहरूजस्तै संस्थापन पक्षमै हुन्थे । हारेपछि फेरि उनीहरूलाई विशेष महाधिवेशनको वैधताको हेक्का भयो । राजनीतिमा नैतिकता नै बिर्सेपछि जे गरे पनि हुँदो रहेछ । पार्टीको विवाद कार्यकर्तालाई टुंगाउन दिएको भए देउवा पक्षका नेताहरूको नैतिक शक्ति बाँकी रहने थियो । तर, नेपाली कांग्रेस नै अवैध ठहरिन पनि सक्ने जोखिम हुँदाहुँदै पनि उनीहरूले अदालत गुहारे । निर्वाचन आयोगका साथै सर्वोच्च अदालतले निर्णय गरिसके पनि उनीहरूले मुद्दा फिर्ता लिएनन् । राजनीति रकमी खेल होइन तर जीवनभर राजनीति गरेका र ७० को आसपासमा पुगेकाहरू पनि यति कटु सत्य किन नबुझेका होलान् ? यिनले नबुझेको रकमी खेलको निरर्थकता नयाँले बुझ्नु । सबै कांग्रेस नै हुन् भनेर छाती फराकिलो गरुन् । केही वडामा सुनिएजस्तो अलोकतान्त्रिक सङ्कीर्णता केन्द्रीय महाधिवेशनमा नदेखियोस् [

**बाटो हराएका सत्तलसिंहहरू**

केही सत्तलसिंहहरूले बाटो बिराएका थिए । तीमध्ये धेरै लोहापुरको बाटोबाट फर्केर साथैहरूकै पछि लागेका देखिन्थे । कुन्नि केले लोभ्यायो सही बाटामा फर्केका सत्तलसिंहहरू पनि फेरि लोहापुरकै बाटो लागेका देखिएका छन् । अझै बेला छ । नेपाली कांग्रेसका नाममा समानान्तर गतिविधि रोक्ने र मुद्दा फिर्ता लिने घोषणा टुँडिखेलमा उपस्थित भएर गर्ने हो भने कार्यकर्ताले हार्दिकतापूर्वक स्वीकार सम्मान गर्लान् ।

राजनीतिक चुलोचौका चाहिएकै हो भने अलग पार्टी बनाए पनि हुन्छ । देउवाले बनाएकै हुन् । उनका उतिबेलाका सारथी अहिले पनि सँगै त छन् । बचेखुचेका कार्यकर्तालाई थन्क्याइराख्ने उपाय पनि हुन्छ । के थाहा कुनै गिरिजाबाबु निस्केर भागै पो दिन्छन् कि ? सत्तलसिंहहरूले इतिहासको हस्ताक्षर चिनेर उपर्ढाहा गोठालाहरूको उल्क्याइँमा नलागी साथीहरूको साथ दिनुमा नै सत्तलसिंहहरूको भलो देखिन्छ ।बाह्रखरीबाट

# प्रदेशको खर्च प्रणालीमा बेथिति, बेरुजु मात्रै ३८ अर्बभन्दा बढी

काठमाडौं, १८ असोज। संघीयता नेपालको गणतान्त्रिक शासन पद्धतिको सुन्दर रूप हो । तर, सुशासन र पारदर्शिताको अभावमा संघीय संरचना आलोचित बन्दै गएको छ । किनकि प्रदेश स्थापनाको ९ वर्ष पुग्दा प्रदेशहरूको बेरुजु मात्रै ३८ अर्ब रुपैयाँभन्दा माथि पुगेको छ ।

प्रदेश सरकार मातहत बर्षेनि अर्बौं रुपैयाँ खर्च हुन्छ । बजेट खर्चमा नियम र प्रक्रिया मिचिन्छ यसले बेरुजु हुन्छ । बर्षेनि बेरुजु थपिँदै जाँदा प्रदेश स्थापनाको ९ वर्षमा सात प्रदेश सरकारहरुको बेरुजु रकम ३८ अर्ब १६ करोड ६५ लाख ३५ हजार रुपैयाँ पुगेको छ । यसमा पछिल्लो आर्थिक वर्ष २०८१/०८२ मा थपिएको बेरुजु ५ अर्ब ८५ करोड ४२ लाख १३ हजार रुपैयाँ हो । सबैभन्दा चिन्ताजनक पक्ष कुल बेरुजुमा ३ अर्ब ५० करोड ५५ लाख रुपैयाँ असुलउपर गर्नुपर्ने बेरुजु छ ।१२ अर्ब ८४ करोड१० लाख २६ हजार रुपैयाँ पेस्की फछ्र्यौट हुन बाँकी रहेको महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनले देखाएको छ ।

तर, नियमविपरीत एवं प्रमाण नपुगी खर्च भएको यति ठूलो रकम सरकारी कोषमा फिर्ता ल्याउने तथा बेरुजु फछ्र्यौट गर्ने कामको गति पनि अपेक्षित छैन । गत जेठमै आर्थिक वर्ष २०८१/०८२ सम्मको बेरुजु प्रतिवेदन पाएका प्रदेश सरकारहरुले भदौ सकिँदासम्म पनि कति रकम मिलान गरे भन्ने तथ्यांकसमेत दिन सकेका छैनन् । बेरुजु समयमै फछ्र्यौट नहुनुको अर्थ खर्च प्रणालीमा पारदर्शिता र जवाफदेहिताको कमी तथा वित्तीय अनुशासन कमजोर हुनु हो । सार्वजनिक स्रोतसाधनको प्रभावकारी उपयोग गर्ने जिम्मेवारी पाएको सरकारमै वर्षौंसम्म अर्बौं बेरुजु, असुलउपर र पेस्कीको नाममा अड्किरहँदा प्रदेश सरकारहरूको वित्तीय व्यवस्थापनमाथि प्रश्न उठेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा मधेश प्रदेशमा सबैभन्दा धेरै १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ बेरुजु छ । कर्णाली प्रदेशमा ७७ करोड ३५ लाख ६२ हजार रुपैयाँ र सुदूरपश्चिम प्रदेशमा ६० करोड ४८ लाख ८९ हजार रुपैयाँ बेरुजु छ । गण्डकी प्रदेशमा ५९ करोड ५० लाख १९ हजार र लुम्बिनी प्रदेशमा ७२ करोड ६९ लाख ५ हजार रुपैयाँ बेरुजु छ । उता, कोशी प्रदेशमा ५८ करोड ६६ लाख ८३ हजार र बागमती प्रदेशमा ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँ बेरुजु छ ।

बेरुजु बढ्नुका मुख्य कारण सरकारी निकायमा वित्तीय अनुशासन कमजोर हुनु, खर्च प्रणाली पर्याप्त पारदर्शी र उत्तरदायी बन्न नसक्नु तथा बेरुजु फछ्र्यौट प्रभावकारी हुन नसक्नु हुन् । समस्या थाहा पाउँदा पनि समाधान किन हुन सकेको छैन त ? महालेखा परीक्षकको कार्यालयले बर्षेनि बेरुजुको तथ्याङ्क सार्वजनिक गर्छ । तर, बेरुजु समयमा फछ्र्यौट नगर्नेलाई कारबाहीबारेमा कुनै निकाय बोल्दैन । बेरुजु हुनु अनियमितता, अपारदर्शिता मात्र होइन भ्रष्टाचारको प्रारम्भिक रूप पनि हो ।

यसर्थ सार्वजनिक खर्चलाई पारदर्शी र उत्तरदायी बनाउने हो भने बेरुजु हुने नदिने, बेरुजु देखिए समयमा फछ्र्यौट गर्ने पद्धतिको विकास गर्नुपर्छ ।

*सिरहामा गाँजासहित...*

नियन्त्रणमा लिएर आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुमनजंग थापाले जानकारी दिए ।

# भारत–नेपाल सीमामा २४ बोरा चकलेटसहित ६ नेपाली पक्राउ



रौतहट, १८ असोज । भारत–नेपाल सीमामा तस्करीविरुद्धको कारबाहीका क्रममा सशस्त्र सीमा बल (एसएसबी) ले २४ बोरा चकलेटसहित ६ जना नेपाली नागरिकलाई पक्राउ गरेको छ । बारा जिल्लासंग नाका जोडिएको सीमावर्ती भारतको नायकटोला गाउँ नजिक शनिबार साँझ एसएसबीको ७१औँ वाहिनीअन्तर्गत ई–कम्पनी बीओपी नायकटोलाको टोलीले विशेष सूचनाका आधारमा कारबाही गरेको हो ।

एसएसबीका अनुसार नेपालतर्फबाट साइकलमा सामान लोड गरी भारततर्फ प्रवेश गरेर पुनः नेपालतर्फ फर्किँदै गरेका व्यक्तिमाथि निगरानी राखिएको थियो । शंकास्पद गतिविधि देखिएपछि नाकाबन्दी गरी उनीहरूलाई नियन्त्रणमा लिइएको हो । तलासीका क्रममा ६ वटा साइकलमा लोड गरिएको २४ बोरा चकलेट बरामद भएको एसएसबीले जनाएको छ । बरामद चकलेटको कुल तौल ९६० किलो रहेको बताइएको छ ।

पक्राउ पर्नेमा बाराको सीमावर्ती कलैया उपमहानगरपालिका मटिअर्वा गाउँका ४० वर्षीय राजु महतो, ४८ वर्षीय रामानन्द महतो, ४५ वर्षीय सुरेन्द्र महतो, ४७ वर्षीय रामप्रवेश मण्डल, ४५ वर्षीय महेन्द्र महतो र २२ वर्षीय विकासकुमार मण्डल रहेका छन् । एसएसबीका अनुसार भारतबाट अवैध रूपमा नेपालतर्फ चकलेट लैजाँदै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका ६ जना नेपाली नागरिक तथा बरामद चकलेट र साइकललाई थप कानुनी कारबाहीका लागि मोतिहारीस्थित भन्सार कार्यालयमा बुझाइएको एसएसबीले जनाएको छ । सीमा क्षेत्रमा तस्करी नियन्त्रणका लागि निगरानी तथा गस्ती थप कडा पारिएको एसएसबीले जनाएको छ ।

# मितेरी पुलमा ११ किलोभन्दा बढी चरेससहित नेपाली नागरिक पक्राउ



रौतहट, १८ असोज । वीरगन्ज–रक्सौलबिचको मितेरी पुलबाट ११ किलोभन्दा बढी लागूऔषध चरेससहित एक नेपाली नागरिक पक्राउ परेका छन् । भारततर्फ ठुलो परिमाणमा लागूऔषध लैजाँदै गरेको विशेष सूचनाका आधारमा एसडीपीओ मनिष कुमार आनन्दको कमान्डमा प्रहरी र सशस्त्र सीमा बल ( एसएसबी)को संयुक्त टोली परिचालन गरिएको थियो ।

टोलीले शनिबार साँझ वीरगन्जबाट रक्सौलतर्फ आउँदै गरेको शंकास्पद ई–रिक्सा रोकेर जाँच गरेको थियो । जाँचका क्रममा रिक्साभित्र राखिएको बोराबाट २२ वटा कालो प्याकेटमा प्याक गरिएको ११ किलो २४६ ग्राम चरेस बरामद भएको भारतीय प्रहरीले जनाएको छ । चरेससहित पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका–छपकैया निवासी ३९ वर्षीय अमर चौधरी रहेका छन् ।

एसएसबीका अनुसार पक्राउ परेका चौधरीलाई बरामद चरेससहित आवश्यक कानुनी कारबाहीका लागि रक्सौलस्थित हरैया थानाको जिम्मा लगाइएको छ । प्रहरीका अनुसार बरामद लागूऔषध मकवानपुर जिल्लाका विभिन्न स्थानबाट ल्याएर बारा र पर्सा हुँदै भारततर्फ लैजान खोजिएको प्रारम्भिक विवरण छ ।

नेपाली भूभाग हुँदै ठुलो परिमाणमा लागूऔषध वीरगन्जसम्म ल्याएर सीमावर्ती क्षेत्र पार गर्न खोजिएको घटनाले नेपालतर्फको सुरक्षा तथा चेकजाँच प्रणालीबारे पनि प्रश्न उठाएको छ ।

# जनमत पार्टीको अध्यक्षमा डा. राउत निर्विरोध निर्वाचित

वीरगञ्ज, १८ असोज । जनमत पार्टीको अध्यक्षमा पुनः डा. चन्द्रकान्त (सीके) राउत निर्विरोध निर्वाचित हुनु भएको छ । पार्टीको वीरगञ्जमा सम्पन्न दोस्रो महाधिवेशनमा अध्यक्ष पदमा वर्तमान अध्यक्ष डा. राउतको एकल उम्मेदवारी परेको थियो । पार्टीको विधानअनुसार हरेक उम्मेदवारले २० प्रतिशतभन्दा बढी मत ल्याउनै पर्ने व्यवस्था रहेकाले अध्यक्ष पदमा एकल उम्मेदवारी परे पनि मतदान भएको थियो । खसेको कूल १ हजार १२६ सदर मतमध्ये ९ सय ५८ मत ल्याएर अध्यक्ष पदमा डा. राउत निर्विरोध निर्वाचित हुनु भएको हो ।

थ्रेसहोल्ड कटाउन पनि सक्नु भएन ।त्यस्तै गरी एक जना उपमहासचिवका लागि परेको दुई उम्मेदवारीमा निर्मलकुमार मण्डल (सिराहा)ले ५०१ मत ल्याएर ४१४ मत ल्याउनु भएका ललितचन्द्र मल्लिक ( रौतहट) लाई पछि पार्दै विजयी हुनु भयो ।

सात जना सचिवका लागि ९ जनाको उम्मेदवारी परेकोमा सुरेन्द्र शर्मा मधेसी ( सप्तरी)ले ५३५ मत, पारसप्रसाद साह (बारा)ले ५२५ मत , सन्तोषकुमार सहनी (धनुषा) ले ५०४ मत, अञ्जनीदेवी (महोत्तरी) ले ४९७ मत , राधाकुमारी यादव ( बाँके) ले ४९३ मत , हरेन्द्र चौधरी ( रौतहट) ले ४६० मत, बालगोविन्द




सात जना उपाध्यक्षका लागि ११ जनाको उम्मेदवारी परेकोमा अनिता कुमारी मण्डल (सिराहा) ६०८ मत , अनितादेव साह (धनुषा) ६०६ मत , नरेन्द्रप्रसाद चौधरी ( कपिलवस्तु) ६०३ मत , वसन्तकुमार कुशवाहा ( रौतहट) ५८५ मत , डा. जयकान्त राउत ( सप्तरी) ५७३ मत , राजकुमार यादव (त्यागी) (सिराहा) ५५६ मत , माधवप्रसाद सिंह (पर्सा) ३९६ मत ल्याएर विजयी हुनु भएको छ । परमेश्वर मुर्मुले ३१५ मत , रोशन खातुनले २६४ मत, हरपाल सिंह सोडीले ३१५ मत र मनोहरीदेवी बैठाले २६६ मत ल्याउनु भएको थियो ।

एक जना महासचिवका लागि तीन जनाको उम्मेदवारी परेकोमा सञ्जयकुमार यादव (सिराहा)ले ६१८ मत ल्याई विजयी हुनुभयो भने चन्दन सिंह (महोत्तरी) र ममता झा (सप्तरी)ले २० प्रतिशत

चौधरी नवलपरासी) ले ४४५ मत ल्याई विजयी हुनुभयो । वीरेन्द्र महतो (जीवन त्यागी) ( महोत्तरीले ४४४ मत र रामबाबु साह ( बारा) ले ४३८ मत ल्याई झिनो मतान्तरले पराजित हुनुभयो ।

त्यस्तैगरी केन्द्रीय कार्यकारिणी समिति सदस्यका लागि ७३ जनाको उम्मेदवारी परेकोमा ६ जनाले २० प्रतिशत थ्रेसहोल्ड कटाउन पनि सक्नु भएन । एक जिल्लाबाट पाँच जनाको मात्र कोटा रहने प्रावधानका कारण १९ जना कोटाबाहिर परी निर्वाचित हुन सक्नु भएन । केन्द्रीय कार्यकारिणी समिति सदस्यमा ४८ जना निर्वाचित हुनु भएको छ । उपाध्यक्ष पदमा डा. कमरुल्लाह अन्सारी, सञ्जयकुमार मिश्र, मदनेशकुमार चौधरीको उम्मेदवारी रद्द भएको थियो । त्यस्तैगरी सचिव पदमा रोहित महतो उम्मेदवारी रद्द भएको छ ।

### *सिरहाको चोहर्वा ...*

अनुसार केन्द्रमा आईसीयू तथा भेन्टिलेटरको सुविधा नहुँदा गम्भीर अवस्थाका बिरामीलाई अन्यत्र रिफर गर्नुपर्ने बाध्यता छ । 'गम्भीर बिरामीलाई अन्यत्र लैजाँदा उपचारमा ढिलाइ हुने र बाटोमै ज्यान जाने जोखिम हुन्छ,' महाशेठले भने, 'त्यसमाथि आर्थिक रूपमा विपन्न परिवारले महँगो उपचार खर्चसमेत व्यहोर्नुपर्ने अवस्था छ ।'

सर्पदंशका बिरामीलाई जिल्लामै आवश्यक उपचार उपलब्ध गराउन सबै स्थानीय तहले समान रूपमा जिम्मेवारी लिएर उपचार केन्द्रको स्तरोन्नतिमा सहयोग गर्नुपर्ने उनले बताए ।

### *सिरहामा सम्बन्धविच्छेदका...*

बनाएको उनीहरूको भनाइ छ।

महिलाको आर्थिक तथा सामाजिक आत्मनिर्भरता बढ्दै जानु पनि सम्बन्धविच्छेदका मुद्दा बढ्नुको अर्को कारण मानिएको छ। सम्बन्धमा समस्या आएपछि लामो समय सहेर बस्नुभन्दा कानुनी प्रक्रियामार्फत अलग हुने प्रवृत्ति बढेको देखिन्छ। अदालतमा विचाराधीन सम्बन्धविच्छेदका मुद्दा कानुनी प्रक्रियाअनुसार निरूपण हुँदै जाने अदालतले जनाएको छ।

# कांग्रेस बन्दसत्रका लागि ३ हल : हिमाल, पहाड र तराई–मधेश

काठमाडौं, १८ असोज। नेपाली कांग्रेसले १५ औं महाधिवेशनको बन्दसत्रका लागि तीनवटा हल तयार पारेको छ । खुलामञ्च क्षेत्रमै तयार पारिएका हलका नाम 'हिमाल', 'पहाड' र 'तराई–मधेश' राखिएको छ । तीनवटै हलको मुख्य प्रवेशद्वार माथि भौगोलिक विशेषता जनाउने चित्र अंकित छन् । पार्टी झण्डा र चुनाव चिह्न अनुसार हललाई रातो, सेतो र हरियो थिममा तयार पारिएको छ ।

उदघाटन समारोह सकिएपछि यिनै हलमा भोलि र पर्सि बन्दसत्र हुनेछ । बन्दसत्रमा ७ हजार ५ सयभन्दा बढी प्रतिनिधि सहभागी हुने कांग्रेसले जनाएको छ । एउटा हलमा २५ सय प्रतिनिधि अट्ने प्रबन्ध मिलाइएको सूचना, सञ्चार र प्रविधि समिति सदस्य मोहन गजुरेलले जानकारी दिए ।




उनका अनुसार प्रत्येक हलमा कुलर पंखाको पनि व्यवस्था गरिएको छ ।

बन्दसत्रमा सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले अलग–अलग प्रतिवेदन प्रस्तुत गर्नेछन् । ती प्रतिवेदनमाथि भूगोलका आधारमा समूहमा विभाजित प्रतिनिधिहरुले छलफल गर्ने र निष्कर्ष सुनाउने कार्यक्रम छ । बन्दसत्रको छलफल हुने प्रत्येक हलमा डिजिटल बोर्ड पनि राखिएको छ । एउटा हलमा भएको छलफललाई अर्को हलमा रहेका सहभागीहरुले पनि डिजिटल बोर्डमार्फत प्रत्यक्ष रूपमा हेर्न र सुन्न सक्ने व्यवस्था मिलाइएको कांग्रेस प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

यस व्यवस्थाले ठूलो संख्यामा प्रतिनिधि सहभागी हुने बन्दसत्रमा प्रतिवेदनमाथिको छलफललाई सहज रूपमा पछ्याउन सकिने कांग्रेसको अपेक्षा छ ।

# मधेसमा करेन्ट लागेर दुई महिनामा ३९ जनाको मृत्यु

जनकपुरधाम, १८ असोज । मधेस प्रदेशमा विद्युतीय करेन्टका कारण हुने मानवीय क्षति बढ्दै गएको छ । चालु आर्थिक वर्षको पहिलो दुई महिनामा ३९ जनाले करेन्ट लागेर ज्यान गुमाएका छन् । मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशभरि गत साउन र भदौ महिनामा करेन्ट सम्बन्धी १०७ वटा घटनामा ३९ जनाको मृत्यु भएको हो । विद्युतका काम गर्दा विद्युतीय तार, उपकरण तथा विद्युत् प्रवाहसँग सम्बन्धित काममा सावधानी नअपनाउँदा मानवीय क्षति बढेको प्रहरीको भनाइ छ । करेन्टसँग सम्बन्धित अधिकांश घटना सिँचाइ गर्ने मोटर, घरायसी मोटर तथा अन्य घरायसी कामका क्रममा भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विद्युत् तथा आगलागीसँग सम्बन्धित घटनामा पूर्वसावधानी र सजगता नअपनाउँदा मानवीयसँगै भौतिक क्षति बढेको हो । मधेस प्रदेशमा साउन र भदौ महिनामा भएका विभिन्न ४५९ विपदका घटनामा ९२ जनाको मृत्यु भएको छ । विपदका कारण ४७ पुरुष, १९ महिला तथा २६ जना बालालिकाले अकालमै ज्यान गुमाएका छन् । यो अवधिमा सबैभन्दा बढी मृत्यु विद्युतीय तारबाट प्रवाह हुने करेन्ट लागेर भएको हो । करेन्ट लागेर ३९ जनाले ज्यान गुमाएका छन् भने पानीमा डुबेर २९ जनाको मृत्यु भएको छ । जंगली जनावरको आक्रमणबाट ५, चट्याङ लागेर ३ तथा आगलागीमा परेर एक जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । त्यस्तै प्रदेशभरि अन्य विपदका घटनामा १३ जनाले ज्यान गुमाएका छन् ।

प्रहरीको उजुरी तथ्याङ्कमा चालु आर्थिक वर्षको पहिलो दुई महिनामा आगलागीका घटना ११२ वटा भएको उल्लेख छ । त्यस्तै पानीमा डुब्ने ३७, जंगली जनावरको आक्रमणका २३, बाढीका १२ तथा चट्याङका १० घटना भएका छन् । विपदका कारण दुई महिनामा मानवीय क्षतिसँगै भौतिक सम्पत्तिमा पनि ठुलो क्षति भएको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार यो अवधिमा भएका ४५९ विपदका घटनामा २ करोड ९२ लाख ४७ हजार ५५५ रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट भएका छन् । भौतिक सम्पत्तितर्फ सबैभन्दा बढी क्षति आगलागीबाट भएको छ । आगलागीकै कारण २१२ वटा घर जलेका छन् । आगलागीका घटनाबाट मात्रै २ करोड ७० लाख १३ हजार ३५० रुपैयाँ बराबरको क्षति भएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालले बताए ।

त्यस्तै, बाढी तथा पहिरोबाट ११ लाख ९० हजार रुपैयाँ, चट्याङबाट ३ लाख, जंगली जनावरको आक्रमणबाट २ लाख ७२ हजार र अन्य विभिन्न विपदका घटनाबाट थप ४ लाख ६३ हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको प्रहरीले जनाएको छ । वर्षायाममा सम्भावित विपद्को पूर्वसूचना मौसम विभागले सम्भावित क्षेत्रका लागि जारी गर्ने भएकाले बाढीपहिरोको जोखिममा रहेका क्षेत्रमा प्रहरीले सचेतता बढाउँदा ठुलो क्षति हुनबाट जोखिएको प्रहरीको भनाइ छ ।

# पोखरीमा डुबेर दुई किशोरीको मृत्यु

बारा, १८ असोज । बाराको देवताल गाउँपालिका–६ जबकास्थित माछा पोखरीमा डुबेर दुई किशोरीको मृत्यु भएको छ । देवताल गाउँपालिका–६ रौवाहीकी १४ वर्षिया निशा पटेल र सोही ठाउँकै १४ वर्षिया चाँदनी पटेलको पोखरीमा डुबेर मृत्यु भएको हो । जितिया पर्व मनाउने क्रममा आफ्ना अभिभावकसँगै पोखरीमा नुहाउन गएकी दुबै किशोरी शनिबार साँझ डुबेर बेपत्ता भएका थिए । घटनाबारे जानकारी पाउने बित्तिकै अस्थायी प्रहरी पोष्ट बेनौलीबाट खटिएको प्रहरी टोली, स्थानीय बासिन्दाको सहयोगमा पोखरीमा दुबै किशोरीलाई खोजतलास सुरु गरिएको जिल्ला प्रहरी कार्यालय बाराका निमित्त सुचना अधिकारी एवं प्रहरी निरिक्षक राजाबाबु ठाकुरले जानकारी दिए ।

खोजीकै क्रममा पोखरीको उत्तरतर्फको किनाराबाट दक्षिणतर्फ पानीमा दुवै किशोरी मृत अवस्थामा फेला परेका प्रहरी निरिक्षक ठाकुरले जानकारी दिए । मृतक दुवै किशोरीको शव परीक्षणका लागि प्रादेशिक अस्पताल कलैयामा लगिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सर्लाहीमा जंगली हात्ती मृत फेला



सर्लाही, १८ असोज । सर्लाहीको बागमतीस्थित बरम बाबा सामुदायिक वन क्षेत्रमा जङ्गली हात्ती मृत फेला परेको छ । बागमती नगरपालिका–४, बरम बाबा सामुदायिक वन नजिकै परबर खेतमा जङ्गली हात्ती मृत फेला परेको हो । बिहान खेतमा परबर टिप्न पुगेका खेत धनीले हात्ती मरेको देखेपछि प्रहरीलाई खबर गरेका थिए । यस क्षेत्रमा मध्यराति हात्ती कराएको आवाज समेत सुनिएको सोही स्थानका कृष्ण लामाले जानकारी दिए । राति जङ्गलमा हात्ती कराएको सुनिएको थियो ।

उनले भने, “यहाँ हरेक वर्ष धान, मकैखेतीको सिजनमा चितवन र पर्सा निकुञ्जबाट हात्तीको बथान आउने गरेको छ । गए राति पनि त्यही होला भन्ने लाग्यो । वास्ता गरिएन । बिहान त हात्ती मृत फेला पर्यो । हामीले प्रहरी र वन कार्यालयलाई खबर गरेका थियौं ।” अन्दाजी ३० देखि ३५ वर्षको वयस्क पोथी हात्ती मरेको सवडिभिजन वन कार्यालय मुर्तियाका प्रमुख सुवास योगीले बताए । हात्ती मर्नुको कारण खुल्न नसकेको उनले बताए । घटनाको मुचुल्का तयारी गरी हात्तीको सद्गत गरिने सवडिभिजन मुर्तियाका प्रमुख योगीको भनाइ छ ।

सो वडाका कार्यवाहक वडाध्यक्ष अर्थमान सिङ्ताका अनुसार उक्त क्षेत्रमा बेलाबेला चितवन राष्ट्रिय निकुञ्ज र पर्सा वन्यजन्तु आरक्षणबाट ठूलो संख्यामा हात्तीको बथान आउने गरेको छ ।

# सरकार ढल्दैन, ढल्छ भन्नेहरु ढल्छन् : सभापति लामिछाने

काठमाडौं, १८ असोज । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले बाहिर हल्ला भएजस्तो सरकार कमजोर नरहेकाले नढल्ने बताउनुभएको छ । नेपाली कांग्रेसको १५ औं महाधिवेशनको उदघाटनसत्रमा धारणा राख्नुहुँदै उहाँले सो कुरा बताउनुभएको हो । उहाँले भन्नुभयो, “सरकार अहिले ढल्छ, दसैंमा ढल्छ, तिहार र छठपछि ढल्छ भन्ने हल्ला बाहिर छ, त्यो सम्भव छैन । सरकार बलियो छ, सरकार ढल्छ भन्नेहरु नै ढल्नेछन् ।” देश बनाउने अभियानमा सबै दललाई साथै लिएर अघि बढ्ने उहाँले बताउनुभयो ।

सरकारको शैली र नियत सही रहेको बताउँदै उहाँले परिवर्तनको मुद्दामा रास्वपाले नेतृत्व गरिरहेको बताउनुभयो । दलीय सहकार्यका लागि रास्वपा जहिले तयार रहेको बताउँदै उहाँले देश परिवर्तनको मुद्दामा सबैलाई साथ हिँड्न आव्हान गर्नुभयो । रास्वपा नेतृत्वको



सरकारले मुलुकको लोकतन्त्र कमजोर हुन नदिने, मुलुकको अर्थतन्त्रलाई कमजोर बन्न नदिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । जनताले भोट हालेर ठुलो पार्टी बनेको रास्वपाले परिवर्तनको मुद्दामा सदैव गम्भीर रहने बताउनुभयो ।

उहाँले थप्नुभयो, “जनताको मन जित्नेगरी काम गर्दैछौं । लोकतन्त्रको हुर्मत लिने काम गर्नेछैनौं । तपाईहरुले कसैले पनि त्यो काम नगर्नुहोला ।” सो अवसरमा सभापति लामिछानेले आफ्नो दललाई आमन्त्रण गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

# सर्पदंशबाट बसिरको मृत्यु भएपछि परिवारको बिचल्ली

**विनय कर्ण**

सप्तरी, १८ असोज । रातको समय थियो । सबै जना सुतिरहनु भएको थियो । अचानक मो. बसिर चिच्याउनु भयो । परिवारका सदस्य झसङ्ग हुँदै उठेपछि ओछ्यानबाट एउटा सर्प भाग्दै गरेको दृश्य देखियो । त्यसपछि सुरु भयो उपचारका लागि दौडधुप । तर, मोटरसाइकलको व्यवस्था गर्दागर्दै बितेको करिब आधा घण्टाले ३८ वर्षीय बसिरको जीवन खोसिसकेको थियो । विषालु करेत सर्पले डसेका बसिरलाई करिब सात किलोमिटर टाढा रहेको कञ्चनपुर अस्पताल लगिए पनि त्यहाँ पुग्नुअघि नै उहाँको मृत्यु भइसकेको थियो ।

आठ दिनअघि भएको यो घटनाले सप्तरीको कञ्चनरुप नगरपालिका ९, रघुनाथपुरस्थित एउटा विपन्न परिवारलाई शोकमा मात्र डुबाएको छैन, छ नाबालक सन्तानको भविष्य समेत अन्योलमा पारिदिएको छ ।

**सम्झनामा श्रीमान्, आँखामा आँसु**

“सुतेकै ठाउँमा करेतले पिठ्युँमा टोकेको थियो । टोकेको ठाउँमा रगतसमेत देखिएको थियो” श्रीमानको मृत्यु सम्झँदै ३२ वर्षीया खैरुल खातुनले आफ्नो पीडा सुनाउनुभयो । केही समय अघिसम्म परिवारको दैनिक गुजारा चलाउन अर्काको घर र खेतबारीमा ज्याला मजदुरी गर्ने श्रीमान् नै मुख्य सहारा सधैंका लागि गुमेपछि अहिले खैरुल सहित उहाँका छ सन्तानको बिचल्ली भएको छ ।

खैरुलसँगै १५ वर्षीया आसमा, १३ वर्षीया मरियम, ११ वर्षीया नाजो, आठ वर्षीया इलिना, छ वर्षीया फतमा र चार वर्षीय छोरा बेसहारा मात्र भएका छैनन्, ऐलानी जग्गामा टिनको छानो भएको सानो झुप्रोमा बस्दै आएको परिवारका लागि अहिले दुई छाक खानु नै सबैभन्दा ठूलो चुनौती बनेको हो ।

“मागेर ल्याएको खानेकुराले अहिले आफू र छोराछोरीको पेट पालिरहेकी छु” खैरुलले भन्नुभयो । स्थानीय



समाजसेवी मो. उमरका अनुसार बसिरको परिवार अत्यन्त विपन्न अवस्थामा छ । कमाउने एकमात्र सदस्यको मृत्यु भएपछि परिवारको अवस्था झन् दयनीय बनेको उहाँले सुनाउनुभयो ।

**बाबु गुमेपछि विद्यालय पनि छुट्यो**

बाबुको मृत्यु भएपछि बसिरका छ वटै सन्तानले पढाइ छाड्नु भएको छ । उहाँहरु टोलकै मदरसामा अध्ययन गर्दै आउनुभएको थियो । अहिले किताब–कापी भन्दा पनि उहाँहरुका लागि दैनिक खानाको चिन्ता ठुलो बनेको छ । छोरीहरुलाई पढाएर केही बनाउने र छोराको भविष्य सुरक्षित गर्ने सपना बोक्नु भएकी खैरुललाई अहिले त्यो सपना कसरी पूरा गर्ने भन्ने चिन्ताले सताएको छ ।

सानै उमेरमा विवाह बन्धनमा बाँधिएकी खैरुलले छोराको आशमा पाँच छोरीपछि छैटौं सन्तानका रुपमा छोरा पाउनुभयो । छोरा नसिर जन्मिएपछि घरमा खुसी छाएको थियो । तर, त्यो खुसी लामो समय टिक्न सकेन । “पाँच छोरीपछि छोरा जन्मिँदा घरमा खुसी छाएको थियो । अहिले श्रीमानको मृत्युपछि पुरै परिवार शोकमा डुबेको छ, बालबच्चाको भविष्य सम्झँदा डर लाग्छ,” उहाँले भन्नुभयो ।

**भविष्यको चिन्ता उस्तै**

पीडित परिवारको अवस्थाबारे जानकारी पाएपछि स्थानीय समाजसेवी उमरले सहयोगका लागि पहल थाल्नु भएको छ । उहाँको पहलमा विराटनगरस्थित पारस अस्पतालले करिब तीन महिनासम्म पुग्ने खाद्यान्न सामग्री उपलब्ध गराएको हो । अस्पतालका डा. मो. सफिउर रहमानको नेतृत्वमा आएको टोली पीडित परिवारको घरमै पुगेर खाद्यान्न हस्तान्तरण गर्नुभएको हो । राहत दिँदै डा. रहमानले परिवारका सदस्य बिरामी परेमा पाँच वर्षसम्म आफ्नो अस्पतालमा निःशुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने घोषणा गर्नुभयो । तर, केही महिनाको खाद्यान्नले मात्र यो परिवारको भविष्य सुरक्षित हुने अवस्था छैन । खैरुलका लागि अब आफ्ना छ सन्तानको पेट भर्नु, पढाइलाई निरन्तरता दिनु र उहाँहरूलाई सुरक्षित भविष्य दिनु सबैभन्दा ठूलो चुनौती बनेको छ । “अब म पनि अर्काको घर र खेतबारीमा मजदुरी गर्छु । तर, छ जना बच्चालाई कसरी पाल्ने, कसरी पढाउने ?” खैरुलले प्रश्न गर्दै सहयोगका लागि याचना समेत गर्नुभयो ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)